GS Spark: Journal of Applied Academic Discourse
Volume 03, Issue 01, 2025, pp. 7-20
OPEN ACCESS

Perspective Article

# मार्क्स, लेनिन र मदनः सैद्धान्तिक उद्विकास

*Sumant Ghimire*[1], *Shanta Bahadur K.C*[2]

[1]Trichandra Multiple Campus, Nepal

[2]Gaurishankar Multiple Campus, Bhimeshwor-3, Charikot, Dolakha, Nepal

GS Spark: Journal of Applied Academic Discourse (ISSN: 3021-9329) Copyright © 2025 The Authors: Gaurishankar Multiple Campus, Bhimeshwor-3, Charikot, Dolakha, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## INFO

**Corresponding Author**

**Sumant Ghimire**

**E-mail**

sumantghimire38@gmail.com

**ORCID**

---

**Date of Submission**

December 03, 2024

**Date of Acceptance**

June 25, 2025

## ABSTRACT

मार्क्सवाद, लेनिनवाद र मदन भण्डारीको जनताको बहुदलीय जनवाद (जबज) ले समाजवादी विचारधाराको ऐतिहासिक विकासको तीन महत्वपूर्ण चरणहरूलाई प्रतिनिधित्व गर्दछन्। कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक हुन् जसले वर्ग संघर्ष, ऐतिहासिक भौतिकवाद र पूँजीवादी शोषणको वैज्ञानिक विश्लेषण गरेर समाजवादी सिद्धान्तको आधारशिला राखे । उनको एकरेखीय उद्विकासवादी अवधारणा अनुसार समाज आदिम साम्यवाददेखि दास युग, सामन्तवाद, पूँजीवाद हुँदै अन्ततः समाजवादमा पुग्छ भन्ने मान्यता रहेको छ। तर लेनिनले यसलाई व्यावहारिक रूप दिँदै मार्क्सको सिद्धान्तलाई परिमार्जन गरे। उनले मार्क्सको औद्योगिक समाजमा मात्र क्रान्ति हुने भन्ने मान्यतालाई अस्वीकार गर्दै कृषि प्रधान रुसमा पनि क्रान्ति सम्भव छ भन्दै बोल्सेभिक क्रान्तिद्वारा सामन्तवादबाट सीधै समाजवादमा छलाङ मार्न सफल भए । यसले मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादमा नयाँ आयाम थप्दै विश्वभर समाजवादी आन्दोलनलाई नयाँ दिशा दियो । बिसौँ शताब्दीको उत्तरार्धमा मदनकुमार भण्डारीले

**How to cite this article**: Ghimire, S., * K.C, S. B. (2025). मार्क्स, लेनिन र मदनः सैद्धान्तिक उद्विकास. *GS Spark: Journal of Applied Academic Discourse, 3*(1), 7-20. https://doi.org/10.5281/zenodo.17811725

प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज) ले समाजवादी विचारधारामा नयाँ क्रान्तिकारी परिवर्तन ल्यायो। जबजले रूसी र चिनियाँ क्रान्तिको हिंसात्मक मार्गबाट भिन्नताको स्थापना गर्दै लोकतान्त्रिक प्रक्रियाद्वारा सत्तारोहणको मार्ग प्रशस्त गर्यो। यसले बुलेट (हिंसात्मक क्रान्ति) को सट्टा ब्यालेट (लोकतान्त्रिक निर्वाचन) मार्फत समाजवादी परिवर्तन गर्ने वैकल्पिक मार्ग प्रस्तुत गर्या । नेपालको प्रासंगिकतामा जबजको व्यावहारिक सफलता देखिन्छ जहाँ बामपन्थीहरूले निर्वाचनको माध्यमबाट सरकार गठन गर्न सफल भएका छन्। यसले समाजवादी सिद्धान्तको लचिलोपन र सन्दर्भगत अनुकूलनको महत्त्वलाई उजागर गर्दछ। यस अनुसन्धानले मार्क्सवादी विचारधाराको ऐतिहासिक विकासक्रमलाई कार्ल मार्क्स, भ्लादिमिर लेनिन र मदनकुमार भण्डारीको तीन कालखण्डका दृष्टिकोणबाट विश्लेषण गरेको छ । गुणात्मक अनुसन्धान विधि अन्तर्गत पुस्तकालयीय सामग्रीको विश्लेषण गरी मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) को सैद्धान्तिक तुलना प्रस्तुत गरिएको छ।

मार्क्सवादले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद, वर्ग संघर्ष, उत्पादन प्रणाली र अतिरिक्त मूल्य सिद्धान्त मार्फत पूँजीवादी शोषणको वैज्ञानिक विश्लेषण गरेको छ। लेनिनले यस सिद्धान्तलाई व्यावहारिक रूप दिँदै साम्राज्यवाद विरोधी संघर्ष, क्रान्तिको नेतृत्व र केन्द्रीकृत पार्टी संरचनाको अवधारणा विकास गरे। मदन भण्डारीको जबजले भने नेपाली सन्दर्भमा हिंसात्मक क्रान्ति (बुलेट) को सट्टा लोकतान्त्रिक प्रक्रिया (ब्यालेट) मार्फत समाजवादी परिवर्तनको नयाँ मोडेल प्रस्तुत गरेका छन । अध्ययनले यी तीन विचारधाराहरूको मौलिक समानता र भिन्नतालाई उजागर गर्दछ। मार्क्सवाद सैद्धान्तिक आधार हो भने लेनिनवादले यसलाई व्यावहारिक रूप दिएको छ। जबजले समकालीन संदर्भमा लोकतान्त्रिक मूल्यहरूसँग समाजवादी लक्ष्य समन्वय गर्ने प्रयास गरेको छ। नेपालमा बामपन्थी दलहरूले निर्वाचन मार्फत सत्तारोहण गर्न सफल भएको तथ्यले जबजको व्यावहारिक सार्थकता प्रमाणित गर्दछ। निष्कर्षतः, समाजवादी विचारधारा स्थिर नभएर गतिशील रूपमा विकास हुँदै गएको छ । यसको सफलता सैद्धान्तिक दृढता, व्यावहारिक लचिलोपन र सन्दर्भगत अनुकूलनमा निर्भर गर्दछ । यस अनुसन्धानले विश्वव्यापी समाजवादी आन्दोलनलाई नेपाली अनुभवबाट पनि सिक्ने महत्वपूर्ण अवसर प्रदान गर्दै यी तीनै विचारधाराहरूको समानता, भिन्नता र नेपालमा जबजको प्रयोगात्मक महत्वलाई थप उजागर गर्दछ।

**Keywords:** मार्क्सवाद, लेनिनवाद, जनताको बहुदलिय जनवाद, क्रान्ति, उत्पादन प्रणाली

## परिचय

प्रस्तुत अनुसन्धानात्मक आलेखमा मार्क्सवादी चेतनासँग सम्बन्धित विशिष्ट शब्दावलीलाई समाजशास्त्रीय दृष्टिकोणले निरूपण गर्ने चेष्टा गरिएको छ । मार्क्सवादका संस्थापक कार्ल मार्क्स एवम् मार्क्सवादका पक्षपाति भिआइ. लेनिन र मदनकुमार भण्डारीका प्रमुख विचारलाई यस लेखमा उधिन्ने प्रयास गरिएको छ । समाजवादका मार्गदर्शक, वैज्ञानिक साम्यवादका प्रवर्तक, एक कुशल संगठक,पत्रकार,कर्मठ क्रान्तिकारी, समर्पित अध्ययनकर्ता र प्रभावकारी महान लेखक थिए-मार्क्स(घिमिरे,२०७५,पृ.५) ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद, वर्ग सङ्घर्ष , उत्पादनको ढाँचाको व्याख्या, अतिरिक्त मूल्यको सिद्धान्त मार्क्सवादका केही महत्वपूर्ण अवयव वा सार पक्षहरुहरु हुन् प्रस्तुत लेखमा यिनै जार्गनहरूलाई समाजशास्त्रीय ढङ्गबाट विवेचना गरिएको छ। अर्कोतर्फ, बीसौं शताब्दीका एक प्रखर क्रान्तिका महानायकको सन् १८९३ मा सेन्ट पिटर्सवर्गबाट एक शसक्त मार्क्सवादी क्रान्तिकारी नेताका रुपमा उदय भयो। त्यसबखत लेनिनबादको उद्गमताको मौलिकता मुख्यतः तीनवटा विशिष्टतामा देखिन्छ क्रान्तिकारी प्रतिबद्धता,

मार्क्सवादी सिद्धान्तको पूर्ण ग्रहण र रुसी यथार्थवाद (घिमिरे,२०७६,पृ. ५) ।
मार्क्सले भनेजस्तो औद्योगिक राष्ट्रहरुमा मात्र क्रान्ति हुन सक्ने र पुँजीवाद पश्चात मात्र समाजवाद आउन सक्ने जुन सिद्धान्त प्रतिपादन गरेका थिए; त्यो भन्दा फरक लेनिनवादले सामन्तवादवाटै समाजवादमा क्रान्तिका माध्यमबाट जान सकिन्छ र कृषी मजदुरबाट पनि समाजवादी क्रान्ति सम्भव छ भन्ने सन्देश दियो लेनिनलाई बुझ्न र लेनिनवादलाई विश्लेषण गर्नका निमित्त उनले अघिसारेका विचारहरू जस्तैः द्वन्दवाद,साम्राज्यवाद,क्रान्ति,राज्य, र डेमोक्रेटिक सेन्ट्रालिज्मलाई विश्लेषण गर्न आवश्यक छ,जुन यस लेखमा सो गर्ने जमर्को गरिएको छ। नेपालको सन्दर्भमा जबजका प्रणेता/श्रष्टा मदन कुमार भण्डारीको कथन रह्यो - शासन चलाउन निर्वाचनको प्रकृयाबाट जनताको अभिमत लिएर मात्रै पाइन्छ । यस कथनबाट के पुष्टि हुन्छ भने कम्युनिष्ट पार्टीको लोकतान्त्रिकरणको सैद्धान्तिक आधार भनेको मदनकुमार भण्डारी प्रतिपादित जबज नै हो , अर्कोतर्फ क्रान्ति बन्दुकको नालबाट निस्कन्छ भन्ने शस्त्र र रक्तको नीति अनुशरण गर्दै आएको कथाकथित पुरातन मार्क्सवादी आन्दोलन/कार्यशैलीलाई चुनौती दिँदै बुलेटबाट ब्यालेटको शान्तिपुर्ण औं प्रजातान्त्रिक परिपाटिबाट सत्ता-सोपानको मार्ग प्रशस्त गरेको छ( घिमिरे,२०७९,पृ.५) । जनमतलाई आकर्षित गर्दै, बुदलीय व्यवस्थाको अनुशरण गरी जनअनुमोदित सरकारको माध्यमबाट जनताको जनवादी राज्यव्यवस्थाको स्थापना गर्न सकिन्छ भन्ने जबजको मूलभूत विशेषता हो । यी तीन व्यक्तित्वद्वारा व्याख्या गरिएको सिद्धान्तको केही पाटोको विश्लेषण यो आध्ययनको मूल ध्येय हो ।

## अनुसन्धानको प्रश्न

मार्क्स लेनिन र मदनबाट प्रतिपादित मूख्य सैद्धान्तिक रुपरेखा समाजशास्त्रीय दृष्टिकोणबाट कस्तो छ ?

## अध्ययनको उद्देश्य

मार्क्स, लेनिन र मदनबाट प्रतिपादित मूख्य सैद्धान्तिक रुपरेखा बारे समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्ने ।

## अध्ययन विधि

यो अध्ययनको तथ्याङ्क गुणात्मक प्रकृतिको रहेको छ साथै तथ्यांकको सङ्कलन पुस्तकालय विधिअनुसार गरिएको छ भने मार्क्सवाद,लेनिनवाद र जनताको बहुदलिय जनवादको खास खास खालको सैद्धान्तिक पाटोको मात्र विश्लेषण गरिएको छ। यो अध्ययन पूर्णरूपले द्वितीय स्रोतमा आधारित रहेको छ । मार्क्सवाद,लेनिनवाद र जनताको बहुदलिय जनवादको समपूर्ण पाटोको व्याख्या नागरिनु यस अध्ययनको सीमा हो । सामग्रीको विश्लेषण विश्लेषणात्मक विधिबाट गरिएको छ ।

## सैद्धान्तिक पृष्ठभूमी

### क) कार्ल मार्क्स (१८१८-१८८३)

संसारका दार्शनिकहरुले आज सम्म सांसारिक कुराको मात्र वर्णन गरे तर महत्वपूर्ण कुरा भनेको संसार बदल्नु हो (Marx & Engels, 1846, p.123)। मानव मुक्तिका मसिहा कार्ल मार्क्सको दर्शनको प्रभाव समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र लगायत अनेकन सामाजिक विज्ञानमा देखिन्छन (Oxford, 2004, p.393)। तथापि सन् १९९० मा सोभियत रुस र पूर्वि यूरोपको धेरै मुलुकमा साम्यवादी व्यवस्थाको अवसान भएता पनि उनको मानवतावादी दर्शन अझै ज्ञान उद्योगको क्षेत्र तथा संसारका करोडौ व्यक्तिको मानसपटलमा राज गरेको अवस्था छ । हिंसाबाट जनआन्दोलन र तरबारबाट मतपत्र सम्मको सकमणले धेरै पाठ सिकाएको छ ( घिमिरे,२०७५,पृ.५) । मार्क्सवादको बारेमा मार्क्स

पर्यन्त हजारौंले सकारात्मक तथा नकारात्मक टिप्पणी गरेका छन् । यसैमध्येका एक समाजशास्त्री चैतन्य मिश्रले (२०७६,पृ.३२३) मार्क्सवाद वारे गरेको टिप्पणी असाध्यै घतलाग्दो छः

सोभियतसङ्घ बन्नुअधिको करिब ५० वर्षको मार्क्सवाद साँच्चैको रचनात्मक मार्क्सवाद थियो । मार्क्स र एङ्गेल्सले आलोचनाको वर्षा खप्थे र जवाफ लेख्थे, आफू र अरू परिमार्जित हुन्थे । अरू धेरै तह र तप्का :श्रमिक, कृषक, पत्रकार, बौद्धिक, राजनीतिज्ञ, नेता, मन्त्री आदि व्यक्तिगत र सामूहिक जीवनको प्रवाहको कसीमा यो 'वाद'लाई माभ्न निरन्तर लागिपरेका थिए । मार्क्सवादको रचनात्मकताको स्वर्णयुग थियो त्यो। लेनिन त्यही अवधिमा हुर्के, बढे र उनले लेखे, मूलतः पत्रिकामा। उनी ठूला प्राधिकारी नेता भइसकेका थिएनन् तर सोभियतसङ्घको निर्माणसँगै मार्क्सवाद धर्ममा परिणत हुन शुरू भयो । धेरै बौद्धिक र नेताले, पुरेतले देवताको नाम लिएर शक्ति आर्जन गरेझैं, मार्क्स र एङ्गेल्सलाई भजाउन थाले।

प्रस्तुत परिच्छेदमा सोभियत सङ्घको निर्माण पश्चात् सर्वत्र कथित कम्युनिष्ट नेताहरूले मार्क्सवादलाई उपयोग गर्दै वा भजाउँदै सत्तामा जाने भर्याङमात्र बनाएको र यसको रचनात्मकता भनेको त सोभियत सङ्घको निर्माण भन्दा अगावै थियो,साथै भन्ने कथन मिश्रको रह्यो। मार्क्सवादले अघि सारेको उत्पादन प्रणालीहरू मध्ये रुसी बोल्सेभिक क्रान्ति पश्चात् पुँजीवादमै प्रवेश नगरी सिधै समाजवादमा लगेकोमा मिश्रबाट लेनिनको कटु आलोचना गरिएको छ । मार्क्सवाद केही महत्वपूर्ण अवयव वा सार पक्षहरुहरु कोट्याउँने जमर्को यो आलेखमा गरिएको छ ।

ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद - ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको एक प्रमुख अङ्ग हो । यसको सम्बन्ध इतिहासको द्वन्द्ववादी तथा भौतिकवादी व्याख्यासंग छ । यो मान्यताले इतिहास मानव निर्मित हो कुनै दैव वा प्रकृति निर्मित होइन भन्ने कुराको पृष्ठपोषण गर्छ । मानवजातिले आफ्नो अस्तित्व जोगाउनका निमित्त सर्वप्रथम खाने, पिउने, लाउने र थातबासको प्रवन्ध गऱ्यो यो नै मानव जातिको प्रथम ऐतिहासिक घटना हो (Turner,1995, p. 133)। तत्पश्चात मात्र मानव समुदाय राजनीति लगायत अन्य कर्ममा लागे । इतिहासको निर्माण कुनै सरल, सहज हिसाब र आदर्शले भएको छैन । ठूला सङ्घर्ष, रक्ततपात पूर्ण युद्ध, कलह, ठक्कर, बाधा, अवरोध झेल्दै इतिहासको निर्माण भएको छ । इतिहास मानव निर्मित भएपनि मानव ईच्छा चाहना आदर्श बमोजिमको इतिहासको निर्माण भएको होइन । ऐतिहासिक द्वन्दात्मक भौतिकवाद मुख्यतः तीन तथ्यमा आधारित छः

क) मात्रात्मकबाट गुणात्मक परिवर्तन ( मार्क्सवादका अनुसार परिवर्तन संसारको नियम हो । यो नियमानुशार कुनै पनि बस्तु, व्यवस्था, संस्था आदिमा आरम्भमा सो बस्तु,व्यवस्था,संस्थाको प्रकृतिमा परिवर्तनको सङ्क्रम हुन थाल्छ, आरम्भमा सङ्क्रमण ले तीनको मात्रा वा सङ्ख्यामा मात्र परिवर्तन देखिन्छ तर एउटा यस्तो क्षण आउछ जहाँ बस्तु,व्यवस्था ,संस्थाको गुणमै परिवर्तन आउछ

ख) निषेधको निषेध - यो नियमानुशार कुनै पनि बस्तु, व्यवस्था, संस्था आदिको उपस्थिति भनेको पुरानोबस्तु,व्यवस्था, संस्था आदिको निषेध हो। ग) विपरित पक्षको बिचमा हुने द्वन्द्व र एकता - वर्गीय समाजको सँगै स्रोतसाधनको कब्जा गर्ने होड चल्यो जसले गर्दा द्वन्दको जन्म हुन जान्छ। मार्क्सवादी साहित्यमा दास युगदेखि वर्गिय समाजको आरम्भ भएको मानिन्छ। प्रत्येक उत्पादन प्रणालीमा नाम पृथक भएपनि जोसँग बल, स्रोत साधन छ,त्यो शोषक र जो निर्वल छ र स्रोत साधन हुनेसँग निर्भर छ त्यो शोषित। शोषित हुनेको सङ्ख्या तुलनात्मक रूपले जुनै उत्पादन प्रणालीमा धेरै हुने भएकोले उनीहरूमा एकता हुन्छ र शोषकका विरुद्ध जाइलाग्छन् र जित शोषितहरूकै हुन्छ भन्ने ठहर मार्क्सबादको छ। समाजवादी व्यवस्थाको निर्माण नहुञ्जेल यो प्रकृया चलिरहन्छ ।

### *वर्ग सङ्घर्ष*

मार्क्सवादी सिद्धान्तको प्रमुख पाटो हो - वर्ग सङ्घर्ष । आफ्नो पुस्तक 'कम्युनिष्ट मेनिफेस्टो' मा लेखे - संसारको आज सम्मको इतिहास भनेको वर्ग सङ्घर्षको इतिहास हो (Marx & Engeles, 1848, p. 9) । मानव सभ्यताको उषाकाल जसलाई (शिकारी तथा कन्दमुल सङ्कलन समाज) 'आदिम साम्यवाद'भनि चित्रण गरिएको छ , त्यो कालखण्ड र समाजवादी व्यवस्था कायम भएपछि निर्माण हुने वैज्ञानिक साम्यवाद वाहेक अन्य सबै कालखण्डहरु (दास युग, सामन्तवादी युग, युग) मा क्रमशः अभिजात वर्ग र दास, भूमिपति र भू - दास, र पुजीपति (बुर्जुवा) र कामदार वर्ग (प्रोल्याटिरिएट) बीच द्वन्द्व हुन्छ र यसले समाजमाआमुल परिवर्तन हुन्छ । एउटा कालखण्डबाट अर्को कालखण्डमा डोर्‍याउँछ । यी वर्गबीच कहिले प्रत्यक्ष त कहिले परोक्ष द्वन्द्व हुन्छ त्यो द्वन्द्व जहिले पनि क्रान्तिकारी हुन्छ । मार्क्सवादी साहित्यमा शान्तिपूर्ण र प्रजातान्त्रिक ढङ्गले पनि परिवर्तन हुन सक्छ भन्ने तथ्य औल्याइएको छ (Ritzer, 2000, p. 41)।

### *उत्पादनको स्वरुपरढाँचा वा उत्पादन प्रणाली*

उत्पादन शक्ति र उत्पादन सम्बन्धको मिश्रण हो उत्पादनको स्वरुप वा ढाँचा । यो समाजको आधार संरचना हो । जम्मा पाँच किसिमको उत्पादनको ढाँचाको व्याख्या मार्क्सवादी साहित्यमा भेटिन्छ (Rao, 2012, p. 729)।

### *आदिम साम्यवाद वा एशियाटिक उत्पादन प्रणाली*

यो उत्पादन प्रणाली मानवजातिको उषाकालमा देखा परेको थियो । जुन उत्पादन प्रणालीमा वर्ग विहिनता थियो । यो समाजमा शोषणको अभाव थियो (Giddens and Sutton, 2013, p. 74)। प्रकृति-प्रदत्त उपहारमा मात्र आश्रित मानव समुदाय निजि सम्पत्तिको अभावले सुखी र खुशी थिए । परिवार, विवाह जस्ता संस्था पनि थिएनन । यौन-साम्यवादको अवस्था थियो ।


### *प्राचीन वा दास युगीन उत्पादन प्रणाली*

समाज गतिशिल भएकोले आदिम साम्यवादबाट समाज प्राचीन वा दास युगमा पुग्छ । यो मानव सभ्यताको वर्गीय विभाजन भएको पहिलो युग हो ९च्बय,द्गण्झद्द, उ।ठद्दढ० । स्वतन्त्र व्यक्ति वा दासमालिक र दास मुख्य दुई वर्ग देखिएका थिए । प्रचुर मात्रमा प्रकृति प्रदत्त उपहार भएकाले तिनको दोहोन गर्ने होड हुन्थ्यो । जो बलियाबाङ्गा थिए तिनले कमजोरलाई दास बनाएर नियन्त्रण र प्रयोगमा ल्याए । यो उत्पादनको स्वरुप मुख्य दासहरुमा आधारित थियो त्यसैले यो दास युग कहलियो । विभिन्न झुण्डमा विभाजित यो समाज घुमन्ते थियो । मार्क्सवादले के मान्यता राख्छ भने कुनै पनि व्यवस्था वा उत्पादन प्रणालीमा त्यसको विशिष्ट गुणले गर्दा अन्तर - विरोधले पनि घर गरी बसेको हुन्छ । तसर्थ दासहरुले विद्रोहको नेतृत्व गर्दछन् । विद्रोह क्रान्तिले त्यो युग वा उत्पादन स्वरुपको नै निषेध गर्छ । समाजमा नयाँ उत्पादन प्रणालीमा प्रवेश गर्छ जसलाई सामन्तवादी उत्पादन प्रणाली नाम दिइयो ।

### *सामन्ती उत्पादन प्रणाली*

सामन्ती समाजको इतिहासमा ठूलो महत्व छ । यो उत्पादन प्रणालीले मानव बसोबासलाई स्थायित्व दियो । कृषि कर्मको थालनी पनि यो युगमा भएको हो । यो युगमा दुई वर्ग देखा परे- भूमि पति वा सामन्त र भूदास । केही सिमित व्यक्तिहरुको हातमा ठूलो मात्रामा भूमी कब्जा रहेको थियो भने त्यो भूमीमा काम गर्ने भू-दासहरु (Rao, 2012, p.733)। यीभू-दासहरु पुँजीपतिका निजी सम्पत्ति झैँ थिए । चाहिँदा बिकी वितरण गर्न सक्थे । उत्पादन स्वरुपमात्र फेरिएको थियो तर शोषणको अन्त्य भएको थिएन । यो त्यो युग थियो, जहाँ मानव समुदायले कृषिको लागि गाँसवासको

मात्र व्यवस्था गरेनन् सँगसँगै विवाह, परिवार, नातेदारी, लगायतका सामाजिक संस्थाहरुको पनि विकास गर्न थाल्यो । अतः यो एक महत्वपूर्ण ऐतिहासिक युग थियो । यो युगमा गण हुँदै मानव समुदाय, राष्ट्रिय-राज्यसम्म पुगेको अवस्था हो । अन्तरविरोधले गर्दा भू-दासहरुको नेतृत्वमा विद्रोह हुन्छ । क्रान्ति रक्तपातपूर्ण हुन पनि सक्छ नहुन पनि सक्छ । जे होस् क्रान्तिले सामन्तवादी उत्पादन प्रणालीलाई निषेध गर्छ।





**सामन्ती उत्पादन पद्धति** **श्रोत**: K.C.(2023)

सामन्ती उत्पादन पद्धती अर्न्तगत उत्पादनको प्रमुख साधन भनेको भूमि नै हुने गर्दछ । जमिन्दारको कव्जामा अथाह जमिन रहेको हुन्छ र त्यस्तो जमिनमा किसानहरुबाट गरिने श्रम बाध्यात्मक हुन्छ । किसानहरुले शारिरीक श्रम मार्फत प्रसस्त अनाज उत्पादन गर्दछन् र जमिन्दारलाई बुझाउँदछन् जस मध्येको केहि अनाज बाँच्नका लागि मात्र किसानले प्राप्त गर्दछ र ठुलो मात्राको अतिरिक्त अनाज जमिन्दारले विनिमय मार्फत विलासी जीवन बिताउँन प्रयोग गर्दछ। यसरी सामन्ती उत्पादन पद्धतीमा अतिरिक्त नाफा (अनाज) पुनः नाफा कमाउनका लागि प्रयोग हुदैन, त्यो नाफा जमिन्दारले विलासी जीवन जीउनका लागि प्रयोग गर्ने गर्दछ र मुलतः पुर्नउत्पादनका लागि प्रयोग गर्दैन (K.C., 2023)।

## *पुँजीवादी उत्पादन प्रणाली*

तुलनात्मक रूपले यो उत्पादन प्रणाली प्रगतिशील मानिन्छ । मूख्य दुई वर्ग देखा पर्छन्- पुँजीपति र सर्वहारा । पुँजीपति वर्गको हातमा स्रोतसाधन र सर्वहारा वर्गसँग गर्नका निमित्त श्रम हुन्छ । यो उत्पादन प्रणालीको मुख्य उत्पादनको साधन उद्योग तथा कलकारखाना हो; जहाँ सर्वहारा वर्गले मुख्य उत्पादनको काम गर्छन् (मिश्र, २०७४,उ.५२-५३) । तर उद्योगपति वा पुँजीपति वर्गले सर्वहारा वर्ग वा मजदुर वर्गलाई उनीहरुले श्रम गरे जतिको पारिश्रमिक दिदैनन् र अन्तरविरोध त्यहीँबाट शुरु हुन्छ । शोषक र शोषित फेरिए तर शोषणको अन्त्य अझै भएन् । श्रमिकहरुको साझा पिडा र भावना भएकोले सचेतना आउँछ र संसारका मजदुरहरु एक हुन्छन् वा हुनुपर्छ र र पुँजीपति विरुद्ध जाइलाग्छन् । यो क्रान्तिले पुँजीवादी व्यवस्थाको समूल नष्ट गर्दछ र समाजवादमा समाज प्रवेश गर्छ । यस सन्दर्भमा लेनिनले पृथक मत राख्दै रुसमा सामन्तवादबाटै बोल्सिभिक क्रान्तिको माध्यमबाट छलाङ मार्दै समाजवादी व्यवस्थामा प्रवेश गराएको दावा गरेका थिए। पूँजीवादी उत्पादन पद्धतिमा पूँजीपति बर्गले आफूसँग भएको पूँजी प्रयोग गरेर व्यापक रुपमा बस्तु तथा सेवाको उत्पादन गर्दछ। पूँजीपति बर्गले यसरी उत्पादन गरेको बस्तु तथा सेवा बजारमा


बेचेर बचेको अतिरिक्त नाफा (पूँजी) पुनः अर्को नयाँ क्षेत्रमा थप पूँजी बृद्धि गर्ने प्रयोजनका लागि लगानी गर्दछ । यसरी पूँजीवादमा पूँजीको निरन्तर बृद्धि र विस्तार हुने हुन पुग्दछ । प्राकृतिक श्रोत र साधनको उच्चतम उपयोग भई व्यापक रोजगारीका अवसरहरु श्रृजना हुन पुग्दछन र उत्पादक शक्तिको चरम विकास हुने गर्दछ (K.C., 2023)।




पूँजीवादी उत्पादन पद्धति **श्रोत**: K.C.(2023)

### *समाजवादी उत्पादन प्रणाली*

सामूहिक स्वमित्वको शुरुवात र निजी सम्पतिको निषेधबाट यो समाज आफैमा प्रगतिशील देखिन्छ । समानतातर्फ उन्मुख यस्तो समाज सन १९१७ को बोल्सेभिक क्रान्तिपछि रुसमा अभ्यास गरिएको थियो (घिमिरे, २०७५) । पछि चीनमा पनि माओले अभ्यासमा ल्याएका थिए । समाजवादी व्यवस्था जब चर्मोत्कर्षमा पुग्छ अनि बैज्ञानिक साम्यवादमा पुगिन्छ भन्ने ठहर मार्क्सको हो । राज्यको आवश्यकता नपर्ने भएकाले राज्य ओइलाउँछ अनि राज्यविहीन संसार र वर्गविहीन समाजको निर्माण हुन्छ । निजी सम्पत्तिको अभावमा कोही धनी र कोही गरिब भइरहनु पर्दैन । यो एक स्वार्णिम युगमा चित्रित छ ।




समाजवावादी उत्पादन पद्धति **श्रोत**: K.C.(2023)

### *अतिरिक्त मूल्यको सिद्धान्त*

औधोगिक क्रान्तिले गरेको औधोगिक विकासमा श्रमिकहरुको चरम शोषणलाई मार्क्सले नजिकबाट नियालेका थिए । पुजीपति वर्गले श्रमिकलाई अतिरिक्त मूल्य दिदैनन् कसरी आफैले

कुम्लयाउँछन् भन्ने कुरो बुझेर मार्क्सले अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गरेका थिए (Rao, 2012, p. 735)।

## भि.आइ. लेनिन (१८७०-१९२४)

लिना' नदिको किनारमा साइबेरिया स्थित आन्तरिक आप्रवासमा ३ वर्षको अवधि व्यतित गर्दाको अवस्थामा भ्लादिमर महान क्रान्तिका नायकले 'लेनिन' भन्ने पद धारण गरेको भन्ने इतिहास छ (Adams and Syde, p. 146) । तसर्थ लेनिन उनको थर होइन अपितु उपनाम हो जसले 'लिना' नदीको चिनारी दिन्छ जुन साइवेरीयाको कष्टमय आन्तरिक आप्रवासनमा उनले व्यतित गरे । बीसौं शताब्दीका एक प्रखर क्रान्तिका महानायकको सन् १८९३ सेन्ट पिटर्सवर्गबाट एक शसक्त मार्क्सवादी क्रान्तिकारी नेताका रुपमा उदय भयो । लेनिनको प्रमुख व्यवहारिक औ सैद्धान्तिक प्रयोग र व्याख्यालाई बुँदागत रुपमा यसरी व्याख्या गर्न सकिन्छ ।

### *डेमोक्रेटिक सेन्ट्रालिज्म*

लेनिनवादको एकप्रमुख अंग डेमोक्रेटिक सेन्ट्रालिज्म हो । आफ्नो पुस्तक 'वाट इज टु बि डन ?' (१९०२) मा यस अवधारणाको विकास गरेका थिए । यसको सार प्रजातान्त्रिक अभ्यासमा निहीत छ जुन राजनीतिक नेतृत्वले निर्णय गर्दा अपनाइने प्रक्रियासँग र सम्पूर्ण पार्टी सदस्यसँग सम्बन्धित छ । जस्को अर्थ खास चार तत्वसँग सम्बन्धित छ। पार्टीको तल्लो तप्कादेखि माथिल्लो तप्का निर्वाचित हुनै पर्छ । पार्टीका सम्बन्धित विभिन्न अंगहरूले निश्चित समयमा प्रगति विवरण सम्बन्धित निकायमा दिनै पर्छ। पार्टी सदस्यहरु कडा अनुशासन र पार्टी हाइकमाण्डको अधिनस्त रहनु पर्छ । पार्टीको उच्च तप्काबाट भएका निर्णयहरु तल्लो तप्का र सदस्यहरुले स्वतः पालना गर्नुपर्ने हुन्छ (घिमिरे,२०७६,पृ.५)।

### *द्वन्द्ववाद*

सन् १९१४ देखि लेनिनले अन्तिम श्वांस रहेसम्म हेगेलको द्वन्द्ववादलाई मार्क्सवादी ढाँचामा अध्ययन गरिरहे । उनको यस सन्दर्भमा प्रमुख योगदान भनेको खराब तथा सही आदर्शवाद र भौतिकवाद बीच अन्तर देखाउनु हो (Adams & Syde, 2012, p. 149) । लेनिनका अनुसार विचार मात्रै यो संसारको यथार्थ वा आधार हो, भन्नु नै हेलेगको आदर्शवादको खराब पक्ष हो । साथै खराब भौतिकबाद चाहिं भौतिक पदार्थ मात्रै यो संसारको वा सामाजिक जीवको आधार हो भन्नुमा निहित छ । तसर्थ भौतिकवाद र आदर्शवाद जब सन्तुलित ढङ्गले एक आपसमा द्वन्द्ववादी नियमानुसार अन्तरघुलित हुन्छन् तब मात्र उत्तम प्रयोग सम्भव छ। साम्राज्यवाद मार्क्स र एङ्गेल्सले समेत विश्लेषण गर्न नगरेको; लेनिनले विसौं शताब्दीको उत्तरार्द्धमा देखेको साम्राज्यवादको उत्खनन् र विश्लेषण गरेका छन् (Adams & Syde, 2012, p. 149) । लेनिनको साम्राज्यवाद सम्बन्धि विचारमा उपनिवेशवाद र एकाधिकार पुँजीवादको समिश्रण वा फ्युजन पाइन्छ । 'लेफ्ट- विङ्ग कम्युनिज्म' १९२० मा उनले प्रथम विश्व युद्धका बारेमा लेखे- लाखौं मान्छेहरुको हत्या गरी जर्मन वा बेलायतीहरू कसले यो संसार धेरै भन्दा धेरै लुट्ने त्यसको निर्णायक परिणाम थियो - प्रथम विश्व युद्ध । उपनिवेशवाद र एकाधिकार पुजीवाद नै साम्राज्यवादको आधार हो। तथापि हाल संसारमा उपनिवेशवादको स्थान वहुराष्ट्रिय कम्पनीले लिएको देख्न लेनिनले पाएनन् । देख्न पाउँदा फरक थप विश्लेषण आउने पक्का थियो । लेनिनका अनुसार साम्राज्यवाद किन संसारको मुख्य समस्याका रूपमा आउँदैन त ? भन्ने प्रश्नमा उनको तर्क छ- बुर्जवा परस्त लेखक र आमसञ्चारहरुले उनीहरुलाई संरक्षण दिएका छन्।

### *क्रान्ति*

मार्क्सभन्दा पृथक दृष्टिकोण राख्दै लेनिनले सर्वहाराहरुलाई वर्गको रुपमा परिणत पश्चात

कान्ति हुने भन्ने कुरासम्म धैर्यता राख्न चाहेको देखिदैन। उनी त 'भेनगार्ड' (कान्तिकारी दस्ता) को नेतृत्वमा कान्ति सफल गरिनुपर्छ र कान्ति पश्चात भेनगार्डले 'सर्वहारा वर्गको अधिनायकत्व' स्थापित गर्छ (Adams and Syde, 2012 p.151) भन्नेका पक्षपाति देखिन्छन् । लेनिनले सर्वहारा वर्गलाई अन्तर्राष्ट्रिय शक्ति मान्छन् जस्ले गर्दा कान्तिको विश्वव्यापीकरण सम्भव छ । उनले 'वान स्टेप फर्वाड, टु स्टेप व्याक' मा कान्ति र सिद्धान्तका बीच सम्बन्ध स्थापित गरेका छन् । उनको कथन छ-सर्वहारा वर्ग निश्चित रुपले एक अपराजित शक्तिको रूपमा विश्व विजय गर्न सक्छ जब मार्क्सवादी सिद्धान्तमा उनीहरु आवद्ध हुन्छन् । कम्युनिष्टहरु जहिले पनि यथास्थितिवादका विरुद्ध कान्ति गर्न तयार अवस्थामा रहन्छन् । लेनिनले कान्तिका निमित्त सबैभन्दा कनिष्ठ औधोगिक श्रमिक (प्रोल्याटेरिएट) र ज्येष्ठ कृषि मजदुरबीच अन्तर्राष्ट्रिय गठबन्धन हुन आवश्यक छ भन्ने ठहर गरेका छन् ।

### *राज्य*

यथार्थमा मार्क्सले राज्य न आदिम साम्यवादमा थियो न त भविष्यमा नै हुनेछ भन्ने परिकल्पना गर्दै राज्यबिहीन संसार र वर्गविहीन समाजको मत अघि सारेका थिए। लेनिनको कथन सर्वहारा वर्गको अधिनायकत्वमा रहने 'सेन्ट्रलाईज स्टेट पावर' को अपरिहार्यता औंल्याउँदै कर्मचारीतन्त्रको साटो 'वर्कर्श काउन्सिल' को अभ्यासमा तल्लीन थिए तर त्यो सम्भव र व्यवहारिक नहँदा स्टालिन सत्तामा आएपछि त्यसको प्रयोग गरेनन् (Adams and Syde,2012, p.152)।

## मदनकुमार भण्डारी (१९५१-१९९३)

वि.सं. २०४९ माघ १४ देखि २० सम्म चलेको एमालेको पाँचौं महाधिवेशनबाट पारित भएको एक राजनैतिक औं सैद्धान्तिक दस्तावेजको रूपमा जनताको बहुदलिय जनबाद(जबज)लाई लिइन्छ । विश्व कम्युनिष्ट आन्दोलन तथा मार्क्सवादी दर्शन, राजनीति र साहित्यमा नयाँ विचारको विजारोपण गर्ने जबजका प्रणेता मदन कुमार भण्डारी हुन् । उनको कथन राजनैतिक सन्दर्भमा के थियो भने - शासन चलाउनेहरुले जनताको अभिमत लिएर मात्रै शासन चलाउने अधिकार राख्दछन् । यस कथनबाट के पुष्टि हुन्छ भने कम्युनिष्ट पार्टीको लोकतान्त्रिकरणको सैद्धान्तिक आधार भनेको मदन कुमार भण्डारी प्रतिपादित जबज नै हो (घिमिरे,२०७७,पृ.५) । मार्क्सवादलाई जडसूत्रको रुपमा ग्रहण गर्ने र मूख्यतः चिनियाँ क्रान्ति र अन्य कम्युनिष्ट आन्दोलन र सिद्धान्तका विशिष्ट अनुभवहरूलाई यान्त्रिक रुपले ग्रहण गर्ने परिपाटीबाट नेपाली कम्युनिष्ट आन्दोलनलाई पृथक गर्ने क्रममा तीस र चालीसको दशकमा तत्कालीन नेपाल कम्यनिष्ट पार्टी(माले)भित्र बहस नै चल्ने गर्थ्यो। ती बहसको दौरानमा पार्टीले प्रधान अन्तरविरोध, मुल नारा र क्रान्तिको ठोस कार्यक्रम, प्रतिक्रियावादी सत्ताभित्र संसदीय सङ्घर्षको उपयोग जस्ता प्रश्नहरूमा अत्यन्त महत्वपूर्ण र ऐतिहासिक निष्कर्षहरू निकालेको थियो (उपाध्याय र तिमिल्सिना,२०७६, पृ.१४०)यसका विशेसताहरूलाई यसरी व्याख्या गर्न सकिन्छ :

### *नुतन मार्क्सवादी सिद्धान्त*

आरम्भमा कार्यक्रमको रूपमा अघि सारिएको जबज आज नवीन मार्क्सवादी सिद्धान्तको रूपमा स्थापित छ । जबजले प्रजातान्त्रिक परिपाटीबाट पनि कम्युनिष्ट पार्टीले सरकार गठन गर्न सक्छन् भन्ने कुराको वा तथ्यको पुष्टि गरेको छ । यथार्थमा कुनै पनि कथन वा तथ्यको पुष्टि भयो भने त्यो तथ्य वा कथन नै सिद्धान्त बन्ने दिशातर्फ उन्मुख हुन्छ । पुरातन मार्क्सवादी आन्दोलन/कार्यशैलीलाई चुनौती दिँदै बुलेटबाट ब्यालेटको शान्तिपूर्ण औं प्रजातान्त्रिक परिपाटिबााट

सत्ता-सोपानको मार्ग प्रशस्त गरेको छ ( घिमिरे,२०७७,पृ.५) ।

### *मौलिक प्रकृति*

सन् १९९० को दशकतिर बमपन्थी ध्रुवको नेतृत्व लिने र सिङ्गो कम्युनिष्ट आन्दोलनको अभिभावकत्व ग्रहण गर्ने सोभियत संघको पतन पश्चात विश्व कम्युनिष्ट आन्दोलन प्रतिरक्षाको अवस्थामा रहँदा जननेता मदनकुमार भण्डारी प्रतिपादित जबजले नुतन दिशा निर्देश गऱ्यो । उग्रवामपन्थी गल्तीलाई सच्याउँदै पार्टीमा जनआन्दोलन, जनसङ्गठन र लोकतन्त्रका निम्ति बुर्जुवा वर्गसँग संयुक्त मोर्चासम्बन्धी नयाँ अवधारणा विकास गरियो । चौथो महाअधिवेशनपूर्व नै नेपाली क्रान्तिको बाटो चिनियाँ, रुसी या भारतको जस्तो नभएर, आफ्नै मौलिक प्रकृतिको बनाउने भन्ने निष्कर्षमा पुगिसकेको थियो। यिनै निष्कर्षहरूलाई थप विकास गर्ने क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा पार्टीले जनताको बहुदलीय जनवादलाई कार्यक्रम र सिद्धान्तको रुपमा अगाडि बढाएको हो (उपाध्याय र तिमिल्सिना,२०७६)।

### *आन्तरिक र बाह्य द्विभाजन*

आन्तरिक रूपमा समाजमा व्याप्त गरिबी, अभाव तथा सबै प्रकारका शोषण असमानतालाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध राष्ट्रको स्थापना गर्दै वैज्ञानिक समाजवाद वा साम्यवादमा पुग्ने लक्ष्य राखिएको छ । बाह्य रूपमा साम्राज्यवादी शोषण उत्पीडन समाप्त पार्दै पञ्चशील (एकअर्काको राष्ट्रिय अखण्डता र सार्वभौमसत्ताको सम्मान गर्ने, अनाक्रमणको नीतिको परिपालना, अहस्तक्षेपकारी नीतिको अवलम्बन, समानता र पारस्परिक सहयोगको अभिवृद्धि र शान्तिपूर्ण सहअस्तित्व) को सिद्धान्तको आधारमा भारत र चीनसँग विशिष्ट तथा समदुरीको प्रगाढ सम्बन्ध बनाउने तथा राष्ट्रिय हितको आधारमा विश्वका सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गरिनेछ भन्ने कुराको उल्लेख छ। (दस्तावेज,२०४९)

### *जीवनमैत्री सिद्धान्त*

पुरातन मार्क्सवादी जडताबाट मुक्त हुँदै जबजले जीवनका लीगि सिद्धान्त हुनुपर्छ भन्ने मान्यताको विकास गऱ्यो । जबजको उद्देश्य मार्क्सवादलाई यान्त्रिक बनाउने भन्दा पनि जीवन्त र सफल बनाउने रहेको छ। जसबाट मानव जीवन सुखमय होस् । यसको लक्ष मानव समाजको हितसँग सम्बन्धित छ(घिमिरे,२०७९,पृ.५)।

### *लोकतन्त्रको पक्षपाती*

आजको बदलिँदो विश्व परिवेशमा जनमतलाई आकर्षित गर्दै, बुदलीय व्यवस्थाको अनुशरण गरी जनअनुमोदित सरकारको माध्यमबाट जनताको जनवादी राज्यव्यवस्थाको स्थापना गर्न सकिन्छ भन्ने जबजको मूलभूत विशेषता हो(दस्तावेज,२०४९)। जसको अभिष्ट भनेको पछि परेका/पारिएका सम्पूर्ण वर्गको हित र स्वार्थको रक्षा हो । व्यवहारिकताको धरातलमा उभिएर, युग सुहाउँदो

प्रजातान्त्रिक समाजवादको वकालत तथा लक्ष्य नै जबजको ध्येय हो। फलतः रक्षात्मक र धरासायी भएको विश्व कम्युनिष्ट आन्दोलनलाई दिशानिर्देश गर्दै ब्यालेटबाट बामपन्थीहरुको सरकार सम्भव बनायो । जनताको बहुदलिय जनवादको पहिलो प्रयोग २०५१ सालमा मध्यावधि निर्वाचन पश्चात् ठूलो दलको हैसियतले बनाएको सरकार हो(उपाध्याय र तिमिल्सिना,२०७६,पृ१४१)। यसबाट के प्रमाणित हुन्छ भने कम्यनिष्टहरूले जनताको अभिमतबाट पनि सरकार बनाउन सक्छन् ।
चीन, उत्तर कोरिया, र भियतनामले मार्क्सवाद र लेनिनवादलाई फरक ढंगले आत्मसात् गरेका छन् । चीन र भियतनामले मिश्रित अर्थतन्त्र ( सार्वजनिक-निजी साझेदारी) अपनाउँदै समाजवादी शासनलाई कायम राखे पनि उत्तर कोरियाले

अधिनायकवादी प्रणालीलाई बल दिएर व्यक्तिगत शासनलाई संस्थागत बनाएको छ (Li, 2020 )। लेनिनले क्रान्ति मजदुर वर्गको नेतृत्वमा मात्र सम्भव हुने भने पनि चीनले कृषक वर्गको प्रयोग गरेर समाजवादी क्रान्ति सम्पन्न गऱ्यो, जसले मार्क्सवादको परम्परागत अवधारणामा संशोधन ल्यायो (Zhao, 2018 )। भियतनामले पनि आर्थिक सुधार गर्दै समाजवादी संरचना कायम राख्ने नीति अवलम्बन गऱ्यो (Nguyen, 2019) । उत्तर कोरियाले भने पूर्ण अधिनायकवादी शासन प्रणालीलाई अँगालेर मार्क्सवादको मूल सिद्धान्तहरूलाई विकृत बनाएको छ (Kim, 2021)। यी उदाहरणहरूले देखाउँछ कि मार्क्सवादको व्यावहारिक प्रयोग भौगोलिक, ऐतिहासिक, र सांस्कृतिक सन्दर्भअनुसार फरक हुन सक्छ ।

सोभियत संघको विघटन पछि युरोपमा सर्वहारा वर्गको अधिनायकत्वलाई परित्याग गरी नागरिकको स्वतन्त्रता, शान्तिपूर्ण सहअस्तित्व र पुँजीवादी लोकतन्त्रको मुल्य मान्यताको उपयोगलाई आत्मासाथ गरि युरो साम्यवाद (Euro Communism) को विकास गरेको पाइन्छ । युरो कम्युनिज्मको विकास गरी यसलाई संस्थागत गर्न वर्नस्टिन, कार्लकाउत्स्की र रोजा लक्जेवर्ग जस्ता विद्वानहरुको योगदान रहेको छ। नेपाली वामपन्थी आन्दोलनले उठान गरि हासिल गरेका उपलब्धिहरु र युरो कम्युनिजमका धेरै कुराहरुमा समानता पाइन्छ तर वर्ग विहिनतालाई व्यवाहारिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने मुल प्रश्न हो । युरो कम्युनिजमले वर्गविहिनतालाई अस्वीकार गरेको छ भने नेपालको सर्न्दभमा अन्य विभेदसँगै वर्गीय विभेदलाई क्रमश घटाउँदै लामो अभ्यासमार्फत वर्ग विहिन समाजवादी ढाँचाको तय गर्नुपर्दछ । समाजवादी कार्यक्रम लागु गर्नु भन्दा अगाडि जनवादी व्यवस्थाको सुदृढिकरणको चरणमा राष्ट्रिय पूँजीको व्यापक विकास र विक्तार गर्न सफल चिनियाँ मोडेल (राज्य नियन्त्रित खुला बजार व्यवस्था) को प्रयोगमार्फत विद्यमान अर्न्तविरोधहरुलाई हल गर्दै श्रमजीवी पक्षीय कानुनको निर्माण र त्यसको प्रभावकारी कार्यन्वयनबाट समाजवाद सम्म पुग्न सकिन्छ (K.C., 2023)।

## तुलनात्मक विश्लेषण

मार्क्सको विचार अनुसार समाजवाद र साम्यवादको स्थापना गर्नका लागि शोषित वर्गले शोषक वर्गविरुद्ध संघर्ष गर्नुपर्छ । उनले पूँजीवादलाई समाजमा असमानता र शोषणको मुख्य कारण मानेका छन् । मार्क्सको विचारमा वर्ग संघर्ष र पूँजीवादको अन्त्य गरेर समतामूलक समाज स्थापना गर्नुपर्छ भन्ने छ। लेनिनले मार्क्सको विचारलाई अझ विकसित गरेर रूसमा क्रान्ति गरेका थिए । लेनिनले मार्क्सको वर्ग संघर्षको सिद्धान्तलाई व्यवहारमा उतार्दै सर्वहारा वर्गको नेतृत्वमा समाजवादी राज्य स्थापना गरे । लेनिनको विचारमा क्रान्तिको नेतृत्व गर्ने दलको भूमिका महत्वपूर्ण छ । उनले पार्टीको केन्द्रीकृत नेतृत्वलाई समाजवादी क्रान्तिको सफलताको लागि आवश्यक मानेका थिए । मदनको विचारमा पनि समाजवादी व्यवस्थाको स्थापनाको आवश्यकता रहेको छ । उनले नेपालको सन्दर्भमा समाजवादी व्यवस्था कायम गर्नका लागि विभिन्न सिद्धान्तहरू प्रस्तुत गरेका छन् । मदनले नेपालमा समाजवादी क्रान्तिको लागि वर्ग संघर्ष र जनताको सहभागितालाई महत्व दिएका छन् । उनले नेपालको आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई ध्यानमा राखेर समाजवादी व्यवस्था कायम गर्ने उपायहरू सुझाएका छन् ।

### *वर्ग संघर्ष र क्रान्ति*

मार्क्सवादका अनुसार, समाज दुई वर्गमा विभाजित हुन्छ - शोषक (पूँजीपति) र शोषित ( सर्वहारा)। वर्ग संघर्षको अन्त्य समाजवाद स्थापनासँग मात्र सम्भव हुन्छ (Marx & Engels, 1948) । लेनिनवादले मार्क्सवादलाई व्यावहारिक बनाउन क्रान्तिकारी पार्टीको महत्त्वलाई स्थापित गऱ्यो (Lenin, 1902)। मदन भण्डारीको विचारमा

भने नेपाली समाजको विशेषताअनुसार क्रान्तिको स्वरूप फरक हुनुपर्छ, जसलाई उनले बहुदलीय जनवादमार्फत व्याख्या गरे (K.C., 2023)।

## *नेतृत्व र राज्यसत्ता*

मार्क्सवादमा सर्वहारा वर्गको अधिनायकत्व (Dictatorship of the Proletariat) आवश्यक मानिन्छ (Marx & Engels, 1970)। लेनिनले रूसमा क्रान्ति सफल बनाउन 'सशक्त पार्टी नेतृत्व' आवश्यक देखे (Lenin, 1902)। तर, मदन भण्डारीको 'जबज' विचारमा क्रान्तिको लागि सशस्त्र संघर्ष होइन, लोकतान्त्रिक पद्धति नै उपयुक्त हुने तर्क गरिएको छ (K.C.,2023)।

*उत्पादन प्रणाली र आर्थिक नीति*

मार्क्सवादी दृष्टिकोणले निजी सम्पत्तिको उन्मूलन गरी सामूहिक स्वामित्वलाई जोड दिन्छ (Marx & Engels, 1846 )। लेनिनले युद्ध-समाजवाद (War Communism) र नयाँ आर्थिक नीति (NEP) लागू गरे (Lenin, 1921)। मदन भण्डारीले भने समाजवादमा जान बजार व्यवस्थाको उपयोग गर्न सकिने भन्दै उत्पादनशील शक्तिको विकासलाई महत्व दिए (K.C., 2023)।

तुलनात्मक विश्लेषण गर्दा मार्क्स, लेनिन र मदनको विचारमा केही समानता र भिन्नता पाइन्छ। मार्क्स र लेनिन दुवैले पूँजीवादको विरुद्धमा वर्ग संघर्षलाई समाजवादी क्रान्तिको मुख्य आधार मानेका छन्। तर लेनिनले मार्क्सको सिद्धान्तलाई व्यवहारमा उतार्दै क्रान्तिको नेतृत्व गर्ने दलको भूमिकामा बल दिएका छन्। मदनले पनि वर्ग संघर्षलाई महत्व दिएका छन् तर उनले नेपालको विशेष सामाजिक र राजनीतिक अवस्थालाई ध्यानमा राखेर समाजवादी व्यवस्था कायम गर्ने उपायहरू सुझाएका छन्। यसरी, मार्क्स, लेनिन र मदनको विचारमा समाजवादी व्यवस्थाको स्थापनाको लागि वर्ग संघर्ष र जनताको सहभागितालाई महत्व दिइएको छ। तर प्रत्येकले आफ्नो देशको विशेष अवस्थालाई ध्यानमा राखेर समाजवादी क्रान्तिको रणनीति तय गरेका छन्। मार्क्स, लेनिन, र मदन भण्डारीका विचारहरू समाजवादी परिवर्तनका लागि आवश्यक भए पनि तिनका कार्यान्वयनका मोडेलहरू फरक छन्। मार्क्सवाद र लेनिनवाद मुख्यतः वर्गसंघर्ष र क्रान्तिमार्फत परिवर्तनको पक्षमा छन् भने मदन भण्डारीको विचार शान्तिपूर्ण, बहुदलीय प्रतिस्पर्धामार्फत समाजवादको यात्रालाई सम्भव ठान्छ।

## निष्कर्ष

मार्क्सवाद, लेनिनवाद र मदन भण्डारीको जनताको बहुदलीय जनवाद (जबज) ले समाजवादी विचारधाराको ऐतिहासिक विकासको तीन महत्वपूर्ण चरणहरूलाई प्रतिनिधित्व गर्दछन। कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक हुन् जसले वर्ग संघर्ष, ऐतिहासिक भौतिकवाद र पूँजीवादी शोषणको वैज्ञानिक विश्लेषण गरेर समाजवादी सिद्धान्तको आधारशिला प्रस्तुत गरे। उनको एकरेखीय उद्विकासवादी अवधारणा अनुसार समाज आदिम साम्यवाददेखि दास युग, सामन्तवाद, पूँजीवाद हुँदै अन्ततः समाजवादमा पुग्छ भन्ने मान्यता रहेको छ। तर लेनिनले यसलाई व्यावहारिक रूप दिँदै विश्वभर समाजवादी आन्दोलनलाई नयाँ दिशा दिए।

बिसौं शताब्दीको उत्तरार्धमा मदनकुमार भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज) ले समाजवादी विचारधारामा नयाँ क्रान्तिकारी परिवर्तन ल्यायो। जबजले रूसी र चिनियाँ क्रान्तिको हिंसात्मक मार्गबाट भन्दा भिन्न ढङ्गले लोकतान्त्रिक प्रक्रियाद्वारा सत्तारोहणको मार्ग प्रशस्त गर्यो। यसले बुलेट (हिंसात्मक क्रान्ति) को सट्टा ब्यालेट (लोकतान्त्रिक निर्वाचन) मार्फत समाजवादी परिवर्तन गर्ने वैकल्पिक मार्ग प्रस्तुत गरेको छ। नेपालको प्रासंगिकतामा जबजको व्यावहारिक सफलता देखिन्छ जहाँ बामपन्थीहरूले निर्वाचनको माध्यमबाट सरकार गठन गर्न सफल भएका छन यसले समाजवादी

सिद्धान्तको लचिलोपन र सन्दर्भगत अनुकूलनको महत्वलाई उजागर गर्दछ ।

यी तीनै विचारधाराहरूको तुलनात्मक अध्ययनले समाजवादी सिद्धान्तको विकासक्रम र परिवर्तनशीलतालाई स्पष्ट पार्छ । मार्क्सवादले सैद्धान्तिक आधार प्रदान गरेको छ भने लेनिनवादले यसलाई व्यावहारिक रूप दिएर क्रान्तिको मार्ग प्रशस्त गरेको छ । जबजले भने समकालीन सन्दर्भमा लोकतान्त्रिक मूल्यहरूसँग समाजवादी लक्ष्यलाई समन्वय गर्ने नयाँ दृष्टिकोण प्रस्तुत गरेको छ । निष्कर्षतः, समाजवादी विचारधारा शास्त्रिय र स्थिर नभएर गतिशील छ र यसको सफलता यसको सैद्धान्तिक दृढता, व्यावहारिक लचिलोपन र सन्दर्भगत अनुकूलनमा निर्भर गर्दछ । यस अनुसन्धानले यी विचारधाराहरूको ऐतिहासिक योगदान, भिन्नता र नेपाली राजनीतिमा जबजको प्रासंगिकतालाई विश्लेषण गरेर समाजवादी विचारधाराको भविष्यको मार्गनिर्देशन गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

## References


उपाध्याय,गोपिरमण र तिमिल्सिना मनहरि( सम्पा. २०७६),जनताकोजनवादका आधारहरू,काठमाडौःइन्डिगो इन्क प्रा.ली.।

घिमिरे,सुमन्त(२०७५,बैशाख २७), मार्क्सवाद आदर्शतम् अमर विचार, गोरखापत्र, पृ,५।

घिमिरे,सुमन्त(२०७६,माघ ७), साम्यवादका प्रथम प्रयोगकर्ता, गोरखापत्र, पृ,५

घिमिरे,सुमन्त(२०७९,माघ १७),जबजका तीन दशक , गोरखापत्र, पृ,५।

मिश्र, चैतन्य (२०१०ई.), बदलिँदो नेपाली समाज, राजेन्द्र महर्जन,सम्पा., काठमाडौःफाइन प्रिन्ट।

मिश्र, चैतन्य (२०७४), पुँजिवाद र नेपाल, राजेन्द्र महर्जन,सम्पा., काठमाडौ :फिनिक्स बुक्स

मिश्र, चैतन्य (२०७६). लोकतन्त्र र आजको मार्क्सवाद, राजेन्द्र महर्जन,सम्पा., काठमाडौँ: बुक-हिल पब्लिकेशन ।

२०४९ माघ १४-२० मा सम्पन्न नेपाल कम्यूनिष्ट पार्टी एमालेको पाँचौं महाधिवेशनमा प्रस्तुत दस्तावेज ।

Adams, B. N., & Sydie, R. A. (2001). *Sociological theory*. Sage Publications. ISBN: 9780761985570

Giddens, A., & Sutton, P. W. (2013). *Sociology*. Wiley India.

K.C., S. (2023). **नेपाली मौलिकताकाे समाजवादमा केही अवसर र विराेधाभाष: एक नवमाक्सवादी विश्लेषण.** *GS Spark: Journal of Applied Academic Discourse*, 1(1), 97–106. https://doi.org/10.5281/zenodo.8381838

Kim, S. (2021). *North Korea's ideological evolution: Juche and beyond*. Cambridge University Press.

Lenin, V. I. (1975). What is to be done? In R. C. Tucker (Ed.), *The Lenin anthology* (pp. 12–114). W. W. Norton. (Original work published 1902)

Li, X. (2020). *China's socialist market economy: A critical analysis*. Oxford University Press.

Marshall, G. (Ed.). (2004). *Oxford dictionary of sociology*. Oxford University Press.

Marx, K., & Engels, F. (1935). *The Communist manifesto*. Lawrence and Wishart. (Original work published 1848)

Marx, K., & Engels, F. (1970). *The German ideology*. International Publishers. (Original work published 1846)

Nguyen, T. (2019). *Economic reforms in Vietnam: A socialist-oriented market economy*. Routledge.

Rao, S. C. N. (2008). *Sociology*. S. Chand & Company Ltd.

Ritzer, G. (2000). *Sociological theory*. McGraw-Hill.

Turner, J. H. (1995). *The structure of sociological theory*. Rawat Publications.

Zhao, W. (2018). *Maoism and the Chinese revolution*. Harvard University Press.

Views and opinions expressed in this article are the views and opinions of the authors, *GS Spark: Journal of Applied Academic Discourse* shall not be responsible or answerable for any loss, damage or liability etc. caused in relation to/arising out of the use of the content.